| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा । | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गरियो । |
| २ | अनुगमन तथा सुपरीवेक्षण समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन सम्बन्धमा । | यसै साथ संलग्न सूची बमोजिमका सम्पन्न आयोजनाहरुको नगर/वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई पेश भएको प्रतिवेदन उपर छलफल भई उक्त अनुगमन प्रतिवेदनहरु अनुमोदन गरियो । साथै, आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | स्रोत सुनिश्चितता सम्बन्धमा । | १. नगरसभाको १७ औं अधिवेशनबाट सि.नं. ६२८ मा झुडोल कुवा देखि सुर्यदर्शन हाइट जाने वाटो स्तरउन्नती र सि.नं. ६४८ मा टोखा प्रहरी चौकी देखि दक्षिण ग्राण्डी टावरको प्रवेशद्वार हुँदै जाने सडक निर्माण शिर्षकको आयोजना स्वीकृत भई रु. ४० लाख रकम विनियोजन भएकोमा उक्त क्षेत्रको सडक स्तरोन्नती सम्बन्धी कार्य सम्पन्न गर्न कूल रु. ६७०७८७४.७६ को लागत अनुमान पेश भएकोले नपुग रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी बोलपत्रका माध्यमबाट खरिद प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>२. टोखा नगरपालिका क्षेत्र विष्णुमति करिडोर क्षेत्रको **टोखा प्रहरी प्रभाग देखि-हात्तिगौडा जाने पुल वडा नं. २ जोड्ने** करिडोरमा बाँकी खण्डमा आवश्यकता अनुसार सडक स्तरोन्नती (ग्राभेल,वाल,ढल,फुटपाथ लगायत) गर्ने कार्यको लागि आयोजना स्वीकृत गरी प्राविधिक लागत अनुमान अनुसारको रकम रु. ५७२५४०२९.८०/- आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी बोलपत्रको माध्यमबाट स्वीकृत आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>३. नगरपालिका भित्रका कालोपत्रे सडकहरु मध्ये बिग्रीएको स्थानहरुमा ओभरले गर्ने कार्यको आयोजना स्वीकृत गरी प्राविधिक लागत अनुमान तयार गरी सोको आधारमा हुन आउने रकम आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी बोलपत्रको माध्यमबाट स्वीकृत आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>४. वडा नं. १ स्थित मालुङ्कबाट सेतुवन्ध मन्दिर जाने सडकमा वाल निर्माण गर्ने कार्यको आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु. १५ लाख विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने । |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ५. वडा नं. १ निहुरे खोला स्थित शिवहरि अधिकारीको घर देखि हरिप्रसाद अधिकारीको घर सम्मको भागमा खोला करिडोर वाल निर्माण गर्ने आयोजना स्वीकृत गरी आगामी नगरसभाबाट स्रोत सुनिश्चित हुने गरी रु. १० लाख विनियोजन गरी उक्त आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| ४ | आयोजना सम्झौताको समयसीमा सम्बन्धमा । | चालु आ.ब. २०८२/८३ को लागि स्वीकृत उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने पूर्वाधार विकास तर्फका आयोजनाहरुको सम्झौताको समयसीमा २०८३ बैशाख १५ सम्म तोक्ने । |
| ५ | विभिन्न कार्यविधि स्वीकृत/ निर्माण एवं संशोधन सम्बन्धमा | १. यसै साथ संलग्न टोखा नगरपालिकाको **स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८२** स्वीकृत गर्ने ।<br>२. टोखा नगरपालिकाको शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७९ मा आवश्यक संशोधनको लागि सैद्धान्तिक सहमति दिने साथै संशोधनको मस्यौदा २०८३ बैशाख मसान्त भित्र तयार गरी पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने ।<br>श्री सीताराम कोईराला, प्रमुख शिक्षा अधिकृत- संयोजक<br>श्री प्रेमकुमार राई, शिक्षा समिति सदस्य सदस्य<br>श्री माधव भट्टराई, शिक्षा समिति सदस्य सदस्य<br>श्री खगेन्द्रसिंह धामी, शिक्षा अधिकृत सदस्य सचिव<br>आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने । |
| ६ | आवेदन शुल्क सम्बन्धमा । | १. आर्थिक ऐन, २०८२ ले दिएको अधिकार प्रयोग गरी ऐ. ऐनमा उल्लेख नभएको **शिक्षक बैकमा आवेदन दिनको लागि आवेदन शुल्क** प्रारम्भिक वाल विकास, प्रा.वि.तह, आधारभूत तह र मा.वि. तहको लागि क्रमशः प्रति व्यक्ति प्रति आवेदन रु. २,००/, ३००/- ४००/- र ५००/- तोक्ने गरी भएको निर्णय र तोकिएको शुल्कलाई अनुमोदन गर्ने। |
| ७ | विस्तृत परियोजना प्रतिवेदन स्वीकृत सम्वन्धमा । | टोखा नगरपालिका वडा नं. ६,७ र ८ स्थित ग्रीनल्याण्ड आसपासमा Preparation of Detailed Engineering Design and Study Report of Sewerage Management project at 6,7 & 8 of (DPR) Tokha Municipality सम्वन्धी कार्यको लागि सम्वन्धित परामर्शदाताबाट पेश भएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत एवं स्वामित्व ग्रहण गरी सम्झौता बमोजिम रकम भुक्तानी उपलव्ध गराउने । |
| ८ | कर्मचारी छनौट गर्ने सम्बन्धमा । | टोखा नगरपालिका अन्तर्गत संचालित ल्याव सेवाको लागि ल्याव टेक्निसियन पाँचौं तह जना- २ र टोखा नगरपालिका नगरकार्यपालिकाको मिति २०८२ माघ २८ को निर्णय नं. ३ बमोजिम स्थापना हुने आरोग्य केन्द्र संचालनको लागि कविराज पद पाँचौं तहको कर्मचारी |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | छनौट गरी कार्यमा लगाउन टोखा नगरपालिकामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७५ अनुसार प्रकृया अगाडि बढाउन प्रशासनलाई निर्देशन दिने। |
| ९ | सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण सम्बन्धमा । | उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने पूर्वाधार सम्बन्धी आयोजनाहरु सम्पन्न भए पश्चात सोको नियमित रेखदेख, मर्मत सम्भार सम्बन्धित समितिलेनै गर्ने गरी आयोजना सम्पन्न भई भुक्तानी उपलव्ध गराउने चरणमानै उक्त आयोजना सम्बन्धित समितिलाई नै हस्तान्तरण गर्ने व्यवस्था मिलाउने । |
| १० | लागत सहभागिताको आयोजना स्वीकृत सम्बन्धमा । | १. वडा नं. ३ स्थित इको चखु टोल अन्तर्गत चखु चोकबाट उत्तरपूर्बमा रहेको सडक ढलान लागत सहभागितामा गर्ने कार्यको आयोजना स्वीकृत गरी स्थानीय लाभग्राही समूहको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागिता हुनेगरी १७ औं नगरसभाको सि.नं. १२६३ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु. ६ लाख (नगरपालिकाले व्यहोर्नु पर्ने रकम) विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने । |
| ११ | उपभोक्ता समिति दर्ता सम्बन्धमा | १. टोखा नगरपालिका वडा नं. ३ स्थित मनकामना मन्दिर निर्माण उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>२. टोखा नगरपालिका वडा नं. ८ स्थित जालपा देवी मन्दिर परिसर गेट,पर्खाल निर्माण उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>३. टोखा नगरपालिका वडा नं. २ स्थित किसन्डोल उपभोक्ता समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने । |
| १२ | भेरिएसन स्वीकृत सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ७ स्थित वडा भित्र आगलागि नियन्त्रण तथा दमकल सेवाको लागि पाईपलाईन विस्तार तथा व्यवस्थापन (ठेक्का 09/SQ/TM/W/2082-83) कार्य Munal Construction Cmpany p. ltd, Kageswori -1, Kathmandu सँग मिति २०८२-९-१ मा सम्झौता भएकोमा फिल्डको आवश्यकता अनुसार साविक लागत अनुमानमा समावेश भएको भन्दा अतिरिक्त प्वाईन्ट थप गर्नु पर्ने भएकोले सम्झौता हुदाँका बखत BOQ मा उल्लेखित मध्ये बढी परिमाण बमोजिम रु. १३३६२६/२८ अर्थात ७.८४ प्रतिशत भेरिएसन (बढी) स्वीकृत गरी सम्पादन भएको कार्यको मूल्याङ्कन बमोजिमको रकम सम्बन्धित Munal Construction Cmpany p. ltd, Kageswori -1, Kathmandu. लाई १७/१८ औं नगरसभाको सि.नं. ३३६ मा विनियोजित रकम मध्येबाट भेरिएसनबाट थप भएको एवं साविक सम्झौताका बखत नपुग रकम समेत |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | जम्मा रकम रु. ४३७३९२.६१ थप विनियोजन गरी मूल्याङ्कन बमोजिमको रकम भुक्तानी गर्ने । |
| १३ | आयोजना /कार्यक्रम स्वीकृत गरी रकम विनियोजन गर्ने सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ६ स्थित च्यासिन्डोल जे.वि.स्कूल छेउ टोखा र बुढानिलकण्ठ सीमानाको राजकूलोमा ह्युमपाईप झर्न लागेकोले सो मर्मतको आयोजना स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ९६ हजार विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>२. वडा नं. ३ स्थित रिमाल टोल बद्री रिमालको घर अगाडिको सडक र वडा नं. ८ स्थित सिद्धि गणेशमा मन्दिरको पश्चिम भाग ढल तथा सडक ढलान गर्ने आयोजना स्वीकृत गरी १७ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु ८ लाख विनियोजन गर्ने ।<br>३. टोखा नगरपालिका वडा नं. ९ स्थित जलविनायक टोलको भित्री गल्लीका बाटाहरुमा पुरानो ढल जिर्ण भई ठाउँ ठाउँमा भासिएको समेत हुदाँ सो स्थानमा नयाँ ढल जडान एवं मर्मतको आयोजना स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ५ लाख विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>४. महिलाहरुको HPV/DNA Test Piloting को कार्यक्रम स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. ४ लाख विनियोजन गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>५. टोखा नगरवासीहरुको लागि निःशुल्क रगत व्यवस्थापनमा विनियोजित रकम नपुग भएकोले उक्त शिर्कषमा १७/१८ नगरसभाको सि.नं. २५४ मा विनियोजित रकम मध्येबाट रु. १ लाख थप विनियोजन गर्ने ।<br>६. वडा नं. ३ स्थित मेलमिलाप टोल अन्तर्गतको सडक ढलानको आयोजना स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख विनियोजन गर्ने।<br>७. टोखा नगरपालिका वडा नं. ८ स्थित गणेश मन्दिर र नेपाल वादोकाई करााँते डो रहेको स्थानमा सार्वजनिक शौचालय निर्माणको लागि मिति २०८२-२-२९ मा शिव पराशर कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाडौंसँग सम्झौता भई कार्य संचालन भएकोले कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको रकम १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट सम्बन्धित निर्माण व्यावसायीलाई भुक्तानी उपलव्ध गराउने ।<br>८. वडा नं. ३ स्थित मालपोत कार्यालय देखि तल काशिर पाखा क्षेत्रमा सडक मर्मत/ग्राभेलको आयोजना स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. १ लाख विनियोजन गर्ने। |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ९. टोखा नगरपालिका वडा नं. २ स्थित उराङ्गल टोलमा ब्लक छपाईको आयोजना स्वीकृत गरी १७/१८ नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गर्ने।<br>१०. नगरकार्यपालिकाको मिति २०८२-८-२४ नि.नं. १८(२) बाट वडा नं.१ स्थित बौडेश्वर मा.वि. मा इन्भटर, व्याट्री खरिद तथा जडान कार्यको लागि रु. २ लाख ७५ हजार १७ औं नगरसभाको सि.नं. ३२५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने निर्णय भएकोमा उक्त विनियोजित रकमले सो कार्य संचालनमा नपुग हुने भएकोले 5 KVA को इन्भटर जडानको लागि प्राविधिक लागत अनुमान अनुसारको रकम सोहि शिर्षकबाट थप विनियोजन गरी उक्त जडान कार्य अघि वढाउने ।<br>११. वडा नं. १ स्थित झोरमहाँकाल माध्यामिक विद्यालयको सभाहल व्यवस्थापनका लागि (कार्पेट-३४*३० SQ.ft, र २४.११*१५ SQ.ft, पर्दा ४.५*४SQ.ft -२० थान, सोफासेट-२ थान, टि-टेबल-३ वटा, साउण्ड सिष्टम-१ सेट, कुर्सीहरु १०० थान, स्पिकर प्राथानाको लागि-१ थान, मिक्सर टेवल-१ थान, अफिस कुर्सी-१ थान, अफिस टेबल-१ थान) खरिद गरि विद्यालयलाई हस्तान्तरण गर्ने । |
| १४ | औषधि उपचार सहयोग सम्बन्धमा । | १. टोखा नगरपालिका वडा नं. ५ बस्ने सरली कार्की आँखा रोगबाट पिडित भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. १५ हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>२. टोखा नगरपालिका वडा नं. ५ बस्ने अन्जना बोहरा पाठेघर सम्बन्धी रोगबाट पिडित भई उपचाररत रहेकोले निजलाई औषधि उपचार सहायता स्वरुप रु. २५ हजार आर्थिक सहयोग १७ औं नगरसभाको सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| १५ | निर्माण कार्यको अनुदान निकासा/ हस्तान्तरण अनुमोदन सम्बन्धमा । | १. टोखा नगरपालिका ८ नं. वडा कार्यालयको मिति २०८२-१२-०६,च.नं. २७५५ को एवं नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंको मिति २०८२-१२-०३,च.नं. ५६५ को पत्रानुसार रमणवस्ती टोलको विष्णुमति करिडोरको सडक फराकिलो बनाई कालोपत्रे कार्य गर्न गईएकोले सो क्रममा सडक विचमा २०० केभिए ट्रान्सफर्मर उपयुक्त स्थानमा स्थानान्तरण गर्नको लागि नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंबाट प्राप्त लागत अनुमान रु. ३२७७७८.५२, नगरसभाको १७/१८ औं अधिबेशनको सि.नं. ३२७ मा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ३२७७७८.५२ विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंलाई अनुदान निकासा उपलव्ध गराईएकोलाई अनुमोदन गर्ने ।<br>२. टोखा नगरपालिका ३ नं. वडा कार्यालयको मिति २०८२-१२-०९,च.नं. ४६४३ को एवं नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंको मिति २०८२-१०-११,च.नं. ४१० को पत्रानुसार विष्णुमति खोला किनार टोखा चौकी देखि जे.बि.स्कूल सडकको विच भागमा पर्न गएको पोलको कारण सडक तथा वाल निर्माण कार्य गर्न असहज उक्त पोलहरु उचित स्थानमा स्थानान्तरण गर्नको लागि नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंबाट प्राप्त लागत अनुमान रु. ३१६५५७, नगरसभाको १७/१८ औं अधिबेशनको सि.नं. ३२७ मा विनियोजित रकम मध्येबाट नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ३१६५५७ विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी नेपाल विद्युत प्राधिकरण महाराजगंज्ञ वितरण केन्द्र,वसुन्धरा, काठमाडौंलाई अनुदान निकासा उपलव्ध गराईएकोलाई अनुमोदन गर्ने ।<br>३. टोखा नगरपालिका ६ नं. वडा कार्यालयको मिति २०८२-१२-१५,च.नं. २५०६ को एवं काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाराजगञ्ज शाखा, काठमाडौंको मिति २०८२-१२-१५,च.नं. ५५० को पत्रानुसार ढुँगेधारा उत्तरतर्फ फिसल टोलमा ४ ईन्च HDEP पाईपलाईनमा चाबी राखी २ ईन्च HDPE पाईपलाईन विस्तार गरी खानेपानी संचालन कार्यको लागि काठमाडौं उपत्यका खानेपानी लि.बाट प्राप्त लागत अनुमान रु. १८६६२८.५५, नगरसभाको १७ औं अधिबेशनको सि.नं. ३३८ मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. १८६६२८.५५ विनियोजन गरी **टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६** बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने । |
| १६ | स्थानीय पर्व विदा सम्मन्धमा । | टोखा नगरपालिकाको ऐतिहासिक सांस्कृतिक पर्व टोखा विष्काःजात्रा २०८३ को उपलक्ष्यमा मिति २०८३ बैशाख २ गते टोखा नगरपालिका भरी तथा वैशाख ३ गते टोखा नगरपालिका वडा नं. २ र ३ मा स्थानीय पर्वको अवसरमा सार्वजनिक विदा दिने । सो दिन टोखा नगरपालिका, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु ( अत्यावश्यक वाहेकका सेवा) तथा शैक्षिक संस्थाहरु वन्द रहने । |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १७ | योजना सम्झौता रद्ध गर्ने सम्बन्धमा । | वडा नं. ४ स्थित लामपाखामा बालमैत्री पार्क पूर्वाधार निर्माण कार्यको लागि मिति २०८२-२-१६ मा लामपाखा पार्क उपभोक्ता समितिसँग सम्झौता भएकोमा उक्त स्थानमा बर्षायाममा पहिरो गएको र हाल सोको माटो परीक्षण लगायतका कार्य भई रहेकोले सोको प्रतिवेदन प्राप्त नभए सम्म सम्झौता बमोजिमको कार्य तत्काल गर्न नसकिने भएकोले सो समितिसँग भएको सम्झौता रद्ध गर्ने । |
| १८ | सडक विस्तार कार्यको आयोजना कार्यान्वयन सम्बन्धमा। | टोखा नगरपालिका वडा नं. ४ स्थित दीपक कार्कीको घरदेखि आँपगाछी टोल स्थित धापासी मा.वि.सम्मको सडक साँघुरो भई सवारीसाधन तथा पैदलयात्रु आवतजावतमा समस्या उत्पन्न भएकोले सम्वन्धित स्थानीयवासीसंग साविकमा कायम रहेको सडकको दायाँवायाँ रहेका संरचना नगरपालिकाको खर्चमा भत्काई दायाँबायाँ सडक विस्तार गरी साविकका संरचनाहरु पुनःनिर्माण गर्ने सहमति भएकोले सोको आधारमा उल्लेखित कार्यको लागि नगरपालिका तथा अन्य निकायबाट आयोजना स्वीकृत तथा रकम विनियोजन भए पश्चात सो को कार्यान्वयनको लागि स्थानीय बासीसँगको सहमति अनुसार विस्तार हुने सडक क्षेत्र भित्र पर्ने संरचना भत्काई सडक विस्तार गरी सडक विस्तारको क्रममा क्षति हुन गएका संरचना (वाल कम्पाउण्ड,पिल्लर, विद्युत पोल सार्ने, लगायतका विस्तारित सडकक्षेत्र भित्र पर्ने संरचना) पुनः निर्माण गर्ने गरी स्वीकृत आयोजना सम्वन्धित वडा कार्यालयबाट सिफारिस भएको उपभोक्ता समिति मार्फत कार्यान्वयन प्रकृया अगाडि बढाउने |
| १९ | करारोपण नभएको सम्बन्धमा | टोखा नगरपालिकाले आ.व.२०८१/८२ तथा आ.व.२०८२/८३ मा नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारक्षेत्र भन्दा वाहिर गएर कुनै करारोपण नगरेको व्यहोरा स्वःघोषणा गर्ने । |
| २० | खाद्य असुरक्षा नरहेको सम्बन्धमा । | टोखा नगरपालिका भित्र खाद्य असुरक्षा नरहेको व्यहोरा प्रमाणित गर्ने । |
| २१ | महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका विदाई थप | टोखा नगरपालिका वडा नं. ६ मा सेवारत महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविका श्री संगिता के.सी.(प.प.नं. १५४३९) मिति २०८१-४-१७ गते देखि ६० बर्ष उमेर पुगी सेवाबाट अलग हुनु भएकोले निजलाई संघीय सरकारबाट प्राप्त गर्ने रकमको अतिरिक्त टोखा नगरपालिकाबाट थप रु. २० हजार आर्थिक सहायता एवं सम्मानपत्र १७ औं नगरसभाको |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | अतिरिक्त सहयोग सम्बन्धमा । | सि.नं. २७११२ अन्य सामाजिक सुरक्षा (आकस्मिक सहयोग अनुदान समेत) मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । |
| २२ | शैक्षिक क्यालेन्डर, २०८३ तयारी समिति गठन सम्बन्धमा । | टोखा नगरपालिकाको शैक्षिक बर्ष २०८३ को शैक्षिक क्यालेन्डर निर्माणको लागि तपशिल बमोजिमको तयारी समिति गठन गर्ने ।<br><br>तपशिलः<br><br>प्रमुख प्रशासकिय अधिकृत - संयोजक<br><br>प्रमुख शिक्षा अधिकृत - सदस्य<br><br>एनव्यावसन अध्यक्ष - सदस्य<br><br>व्यावसन अध्यक्ष - सदस्य<br><br>प्र.अ जालुपा मा.वि. -सदस्य<br><br>शाखा प्रमुख, प्रशासन शाखा -सदस्य<br><br>संयोजकले तोकेको शिक्षा अधिकृत - सदस्य सचिव |
| २३ | भुलबश बढी दाखिला भएको रकम फिर्ता सम्वन्धमा । | टोखा नगरपालिका वडा नं. ३ स्थित राजेश हार्डवेयर्स प्रा.लि. नामक व्यवसाय दर्ता गरी वहाल कर तिर्दा २०८२ मंसिर देखि बहाल कर तिर्नु पर्नेमा भूलबश २०८२ आश्विन देखि टोखा नगरपालिकाकाको आन्तरिक राजस्व खातामा रकम रु. १६८००/- बढी दाखिला गरेको देखिएकोले सो बढी दाखिला भएको रकम टोखा नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १७(८) बमोजिम सम्बन्धित श्री राजेश हार्डवेयर्स प्रा.लि. लाई फिर्ता गर्न नगरपालिका प्रशासनलाई निर्देशन दिने । |
| २४ | कार्यक्रम/ प्रकाशन सहयोग सम्बन्धमा । | १. राष्ट्र सेवक कर्मचारी समाज,नुवाकोटले माटोको ममता भाग-३ प्रकाशनको अवसरमा उक्त प्रकाशनमा टोखा नगरपालिकाको सूचना सन्देश प्रकाशन गर्ने साथै रु. २० हजार वरवारको पुस्तक खरिद खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>२. थामे अधिकारी सद्भाव समाज,गोगंबुँ र केन्द्रविन्दु अनलाईन मिडिया प्रा.लि.द्धारा बार्षिक क्यालेन्डर प्रकाशनमा टोखा नगरपालिकाको सूचना सन्देश प्रकाशन गर्ने साथै सो प्रकाशन |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | वापत उक्त समाज एवं मिडियाललाई सहयोग स्वरुप रु. १५/१५ हजार खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>३. सामुदायिक सेवा केन्द्र, सामुदायिक प्रहरी सेवा केन्द्र, गोगंबुँ काठमाडौंले २०८३ सालको बार्षिक गतिविधि समेटिएको भित्तेपात्रो प्रकाशनमा टोखा नगरपालिकाको सूचना सन्देश प्रकाशन गर्ने साथै सो प्रकाशन वापत उक्त सामुदायिक सेवा केन्द्रलाई सहयोग स्वरुप रु. २५ हजार खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>४. टोखा नगरपालिका वडा नं. ९ को सिफारिसमा राष्ट्रिय भूकम्प सुरक्षा दिवसको अवसरमा **भूकम्पजाँदा स्थानीय तहले खेल्नु पर्ने भूमिका** बिषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोले उक्त कार्यक्रममा भएको खर्च मध्ये सहयोग स्वरुप रु. ४५ हजार १७ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट उक्त आयोजकलाई भुक्तानी उपलव्ध गराउने ।<br>५. प्रधानता मिडिया प्रा.लि.द्धारा आयोजना हुने सामाजिक बहस **मैले भन्नु छ** कार्यक्रम मा हुने खर्च मध्ये सहयोग स्वरुप रु. १० हजार कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>६. टोखा नगरपालिका वडा नं. १० स्थित मनोहर माध्यामिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुलाई **प्राकृतिक विज्ञान र यसको महत्व** बारे अभिमुखीकरण कार्यक्रम कक्षा संचालनको लागि रु २० हजार लक्षित बर्ग शिर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>७. टोखा नगरपालिका वडा नं. ४ स्थित साईराम सामुदायिक सहयोगी संस्थाले आयोजना गर्न लागेको रक्तदान कार्यक्रममा हुने खर्च मध्ये सहयोग स्वरुप रु. २० हजार कार्यक्रम खर्च शिर्षकमा विनियोजन रकम मध्येबाट उपलव्ध गराउने ।<br>८. नेवाःदेय् दबू केन्द्रिय समिति,काठमाडौं को आठौं महाधिबेशन कार्यक्रमको लागि रु. ४० हजार लक्षित बर्गका लागि विभिन्न कार्यक्रम संचालन शिर्षकमा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>९. सिजन मिडियाद्धारा आयोजना हुने नेशनल सोसल वेयलफेयर अवाड, २०२५ (सिजन-६) को विविध कार्यक्रममा खर्च हुने रकम मध्ये सहयोग स्वरुप रु. ५० हजार कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>१०. टोखा नगरपालिका वडा नं. ९ स्थित गोगंबुँ भैरव संरक्षण तथा व्यवस्थापन समितिलाई गोगंबुँ भैरव प्राण प्रतिष्ठा तथा शान्ति महायज्ञमा भएको खर्च मध्ये सहयोग स्वरुप रु. ३५ हजार कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने ।<br>११. टोखा नगरपालिका वडा नं. ११ को सिफारिसमा रोयल मुभिज प्रा.लि.काठमाडौंले श्रष्टा सम्मान तथा विविध सांस्कृतिक कार्यक्रममा भएको खर्च मध्ये १७ औं नगरसभाको |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | सि.नं. १२१४ मा विनियोजित रकम मध्येबाट सहयोग स्वरुप रु. २५ हजार उपलव्ध गराउने ।<br>१२. टोखा नगरपालिका वडा नं. २ स्थित चण्डेश्वरी मा.वि.को नवनिर्मित भवनको उद्घाटन एवं चण्डेश्वरी मन्दिरको मुख्य प्रवेशद्धारमा कलात्मक सिंहको मुर्ति प्रतिस्थापन गर्ने कार्य गर्न रु ५० हजार १७ औं नगरसभाको कार्यक्रम खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट विनियोजन गरी सम्बन्धित वडा कार्यालय मार्फत उक्त कार्यक्रम सम्पन्न गर्ने । |
| २५ | आर्थिक सहायत सम्बन्धमा । | टोखा नगरपालिका वडा नं. ७ स्थित सार्वजनिक जग्गामा रहेका घर टहरा भत्काउने क्रममा आफु बसोबास गरिरहेको स्थान छोड्नु परेका १८ परिवारहरुलाई सम्बन्धित वडा कार्यालयबाट पहिचान गरी तत्कालको ब्यवस्थापनको लागि राहत तथा सहायता स्वरुप प्रति परिवार रु. ५ हजारको दरले सहायता उपलव्ध गराउने । |
| २६ | सवारी साधन मर्मतको रकम भुक्तानी सम्बन्धमा । | नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमको सवारी साधनको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने ।<br>क्र.स: १ — सवारीको विवरण: बा.२.ब. ९९१४ — भुक्तानी गर्नु पर्ने /रकम: १५२५०/- — सवारी प्रयोगकर्ता/ चालक: ४ नं. वडा कार्यालय धापासी/ लक्ष्मी बहादुर श्रेष्ठ |
| २७ | थप रकम विनियोजन सम्बन्धमा । | मिति २०८२-१२-२९ को नगरकार्यपालिका बैठकबाट चालु आ.ब. २०८२/८३ मा टोखा नगरपालिकाको वडा नं. २ र ३ मा संचालन हुने ऐतिहासिक, सांस्कृतिक, मौलिक, परम्परागत बिष्खा जात्रा लगायत सम्पूर्ण जात्रा पर्व संचालन व्यवस्थापन तथा बाजाखलः गुठीहरुलाई बाजा मर्मत र तलेजु,गणेश,कुमारीको नित्य कर्मपुजा संचालन व्यवस्थापनको लागि रु. ८ लाख रकम विनियोजन भएकोमा २ नं. वडा कार्यालयको मिति २०८२-१२-१५,च.नं. २००१ को पत्रानुसार उक्त विनियोजित रकमले नपुग हुने भएकोले थप रकम विनियोजनको लागि सिफारिस भए अनुसार अघिल्लो का.पा बैठकको निर्णयानुसार गर्ने गरी १७ औं नगरसभाको सि.नं. ३२३ मा विनियोजित रकम मध्येबाट रु ४ लाख थप विनियोजन गर्ने । |

| क्र.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने /रकम | सवारी प्रयोगकर्ता/ चालक |
|---|---|---|---|
| १ | बा.२.ब. ९९१४ | १५२५०/- | ४ नं. वडा कार्यालय धापासी/ लक्ष्मी बहादुर श्रेष्ठ |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| २८ | कार्यक्रम सहयोग सम्बन्धमा । | नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा संचालन हुने नवौं नेपाल अन्तराष्ट्रिय चलचित्र महोत्सव,२०२६ (NIFF) लाई कार्यक्रम सहयोग स्वरुप रु १ लाख १७ औं नगरसभाको सि.नं. ३२३ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने। |
| २९ | सूचना प्रविधि सम्बन्धी | १. टोखा नगरपालिकाले सम्पादन गरेका विकास निर्माणका मुख्य मुख्य आयोजनाहरुको प्रोफाईल भिडियो निर्माण गर्ने कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु. २ लाख विनियोजन गर्ने ।<br>२. टोखा नगरपालिकाबाट सम्पादन भएका विभिन्न गतिविधिहरुको असल कथा,प्रभावकारी सेवा प्रवाह र नागरिक अनुभवलाई मल्टिमिडिया माध्यममार्फत आम संचार तथा डिजिटल प्लेटफर्म मार्फत **प्रशासन नागरिक कनेक्ट इनिसियटिभ(PNCI)** कार्यक्रम संचालनकाको कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख विनियोजन गर्ने |
| ३० | स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कनको सम्बन्धमा पृष्ठपोषण । | स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा यस नगरपालिकाको आ.व.२०८१/८२ को कार्यसम्पादन सम्बन्धी कागजातहरु प्रविष्ट गरी प्राप्त भएको अंक तथा सो सम्बन्धी विवरण पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति,काठमाडौंलाई पठाउने । |
| | | |